# बरियारपट्टी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन-२०७६

## राजपत्रमा प्रकाशित

भाग-......

खण्ड-........., संख्या-......

| |
|---|
| **गाउँ सभा बाट पारित मिति : २०७६।०४।०५** |
| **प्रमाणिकरण मिति : २०७६।०४।१५** |

## बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बरियारपट्टी, सिरहा

प्रदेश नं. २ (नेपाल)

# बरियारपट्टी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६

प्रमाणीकरण मिति : २०७६/०४/०५
स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७६/०४/१५

## २०७६ सालको ऐन नं.-१

प्रस्तावित: नेपालको संविधानको अनुसूचि ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बरियारपट्टी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम, विस्तार प्रारम्भ : (१) यो ऐनको नाम बरियारपट्टी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ रहेको छ।

(२) यो ऐन बरियारपट्टी गाउँपालिकाका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “ऐन” भन्नाले बरियारपट्टी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले बरियारपट्टी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) “गाउँपालिका” भन्नाले बरियारपट्टी गाउँपालिका सम्झनुपर्छ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बरियारपट्टी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने : (१) नियमावलीको अधिनमा रही बरियारपट्टी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

भाग-१

बरियारपट्टी गाउँपालिका

# बरियारपट्टी राजपत्र

आज्ञाले,

अशोक कुमार सिंह

प्रमुख प्रशासकीय अधिकृत